# नेको इन्सुरेन्स लिमिटेड
को
## ३०औं वार्षिक साधारण सभाको विवरण

नेको इन्सुरेन्स लिमिटेडको ३०औं बार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री रमेश कुमार निरौलाज्यूको अध्यक्षतामा निम्नलिखित मिति, स्थान र समयमा सुसम्पन्न भयो ।

१. सभा बसेको मिति, स्थान र समय:
मिति: २०८२ साल फाल्गुन ११ गते सोमबार (तदनुसार २३ फेब्रुअरी २०२६)
स्थान: लिसारा रिसेप्सन, नक्साल, काठमाडौं ।
समय: विहान ११:०० बजे ।

२. सभाको सूचना:
संचालक समितिको मिति २०८२।१०।१५ गतेका दिन बसेको ४९८औं बैठकको निर्णय अनुसार मिति २०८२।११।११ को लागि कम्पनी ऐन २०६३ को दफा ७६ बमोजिम बोलाइएको ३०औं बार्षिक साधारण सभाको सूचना दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि संक्षिप्त वित्तीय विवरण सहित मिति २०८२ माघ १६ को नागरिक दैनिक र मिति २०८२ माघ १८ को सौर्य दैनिकमा प्रकाशित गरिएको तथा बार्षिक प्रतिवेदन सहितको वित्तीय विवरण कम्पनीको वेभसाइटमा समेत राखिएको थियो ।

३. छलफलका बिषयहरु

(क) सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१।०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०८१।०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०८२।०८३ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

४. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.ब. २०८१।०८२ को नाफा नोक्सान हिसावबाट चुक्ता पूँजीको १२.७८९४% नगद लाभांश (कर प्रयोजनको लागि समेत) रु.३४,४२,३०,८३५। पारित गर्ने सम्बन्धमा ।

(ख) विशेष प्रस्ताव

१. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.ब. २०८१।०८२ को नाफा नोक्सान हिसावबाट रु.८,०७,४५,९७०। (३% अर्थात् प्रत्येक १०० कित्ता बराबर ३ कित्ता) बोनश शेयर जारी गर्ने सम्बन्धमा । (बोनश शेयर जारी गर्दा आउने खण्डित शेयरलाई पछि मिलान गर्ने गरी हिसावमा राख्ने ।)

२. निम्न विषयका सम्बन्धमा प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनहरुमा नियामक निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धि सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा।

(अ) विशेष प्रस्ताव नं. १ बमोजिम जारी गरिने बोनस शेयरको हदसम्म जारी पूँजी तथा चूक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा ।

(ग) विविध ।

४. उपस्थित संचालकज्यूहरु (कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम)

| | |
|---|---|
| (क) श्री रमेश कुमार निरौला | अध्यक्ष |
| (ख) श्री विनयरमण पौडेल | संचालक |
| (ग) श्री प्रताप सुवेदी | संचालक |
| (घ) श्री भरत कुमार अधिकारी | संचालक |
| (ङ) श्री भानुभक्त पोखरेल | संचालक |
| (च) श्री डा. नीलिमा श्रेष्ठ | संचालक |
| (छ) श्री मणिदेव भट्टराई | स्वतन्त्र संचालक |

पदाधिकारीहरु:

| | |
|---|---|
| (क) श्री अशोक कुमार खड्का | प्रमुख कार्यकारी अधिकृत |
| (ख) श्री पवन थापा | नायव प्रमुख कार्यकारी अधिकृत |
| (ग) श्री गणेश लम्साल | नायव प्रमुख कार्यकारी अधिकृत |
| (घ) श्री शिवि शाह | सहायक महाप्रवन्धक |
| (ङ) श्री विष्णु प्रसाद धिताल | कम्पनी सचिव |
| (च) श्री कृष्ण कुमार बर्तौला | मार्केटिङ विभाग प्रमुख |
| (ज) श्री भुवन महत | प्रमुख वित्त अधिकृत |
| (झ) श्री हंशमान डंगोल | अण्डरराइटिङ विभाग प्रमुख |
| (ञ) श्री विकेश महर्जन | बरिष्ठ प्रवन्धक |
| (ट) श्री हिम बहादुर के.सी. | पुनर्बीमा विभाग प्रमुख |
| (ठ) श्री रामप्रसाद थपलिया | बागमती प्रदेश प्रमुख |
| (ड) श्री कन्चन श्रेष्ठ | आन्तरिक नियन्त्रण, परिपालन तथा जोखिम ब्यवस्थापन विभाग प्रमुख |
| (ढ) श्री विजय घिमिरे | वित्त विभाग प्रमुख |
| (ण) श्री मीनराज श्रेष्ठ | दावी विभाग प्रमुख |
| (त) श्री विशाल लेप्चा | सूचना प्रविधि विभाग प्रमुख |
| (थ) श्री एलिन डली | सामान्य सेवा विभाग प्रमुख |

पर्यवेक्षक/प्रतिनिधिहरु:

१. श्री करन बहादुर वि.क., कम्पनी रजिष्ट्रारको कार्यालय
२. श्री सुरज मानन्धर, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
३. श्री रमण उप्रेती, एम.आर.यु.एशोसिएट्स् चार्टर्ड एकाउण्टेण्ट्स् (बाह्य लेखापरीक्षक)
४. श्री रोशन दाहाल, एस. सुवेदी एण्ड एशोसिएट्स् चार्टर्ड एकाउण्टेण्ट्स् (शेयर अडिटर)

NECO
नेको इन्स्योरेन्स लि.

५. उपस्थित शेयरधनी, गणपुरक संख्या तथा प्रतिशत:

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा उपस्थित शेयरधनी संख्या | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीहरु | ३८,५८७ | २०२ | २३ | २२५ | ५५.७५% |
| शेयर संख्या | २,६९,१५,३२३ | १,८४,०९५ | १,४८,२३,६९४ | १,५०,०७,७८९ | |

६. सभाको बैधानिकता र सभाको सभापतित्व:
कम्पनी सचिवले ३०औं बार्षिक साधारण सभाको सूचना प्रकाशन सम्बन्धी जानकारी दिँदै कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम उपरोक्त अनुसार सभा संचालनको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कानूनको पालना भई सोही ऐनको दफा ६९ बमोजिम सभाको बैधानिकता भएकोले सभाको अध्यक्षता गर्दै सभा संचालनका लागि संचालक समितिका अध्यक्ष श्री रमेश कुमार निरौलाज्यूलाई अनुरोध गर्नुभयो ।

७. सभा संचालन तथा प्रतिवेदन प्रस्तुती:
(क) सभा संचालनको लागि सभाध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले कम्पनीका संचालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृत, अतिथिहरु तथा ब्यवस्थापनका उच्च अधिकृत एवं विभागीय प्रमुखहरुलाई लाई आशनग्रहण गराउनु भयो । आशन ग्रहण पश्चात प्रमुख कार्यकारी अधिकृत श्री अशोक कुमार खड्काले स्वागत मन्तव्य ब्यक्त गर्नुभयो । स्वागत मन्तव्य पश्चात सभाका सभापति एवं कम्पनीका अध्यक्ष श्री रमेश कुमार निरौलाले पानसमा दीप प्रज्वलन गरी ३०औं बार्षिक साधारण सभाको उद्घाटन गर्नुभयो ।

(ख) सभाको विषय सूचि बमोजिम अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित संचालक समितिको तर्फबाट आर्थिक बर्ष २०८१।०८२ को वार्षिक प्रतिवेदन पेश गर्नुभयो ।

त्यसपछि अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८१।०८२ को वार्षिक प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाव र अन्य वित्तीय विवरणहरु उपर छलफल गर्न र आफ्नो प्रश्न, जिज्ञासा, सुझाव तथा मन्तव्यका लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गरियो र निम्न शेयरधनी महानुभावहरुले आफ्नो जिज्ञासा, सुझाव तथा मन्तब्य राख्नुभयो ।

१. श्री उत्तमदत्त पाण्डे
२. श्री सुदीप श्रेष्ठ
३. श्री भेषराज भण्डारी
४. श्री गुणराज भट्ट
५. श्री उद्धव प्रसाद घिमिरे
६. श्री गोविन्द बहादुर के.सी.
७. श्री शत्रुघन श्रेष्ठ
८. श्री इन्द्रप्रसाद लामिछाने
९. श्री निरुपमा गुप्ता
१०. श्री चन्द्रनारायण श्रेष्ठ
११. श्री रोज कुमार श्रेष्ठ
१२. श्री कृष्णप्रसाद अधिकारी
१३. श्री ध्रुवराज न्यौपाने
१४. श्री विरोचन श्रेष्ठ
१५. श्री उत्सव सुन्दर श्रेष्ठ
१६. श्री महेन्द्र बहादुर श्रेष्ठ
१७. श्री जगन्नाथ आचार्य (लिखित)
१८. श्री बैजुनाथ रौनियार (लिखित)

NECO
नेको इन्सुरेन्स लि.

| | | | |
|---|---|---|---|
| १९. | श्री नरसिंहलाल चखुँ (लिखित) | २०. | श्री युगल बसेल (लिखित) |
| २१. | श्री सुरेन्द्र चिमौरिया (लिखित) | २२. | श्री डा. रामजी प्रसाद पण्डित (लिखित) |
| २३. | श्री ब्रह्मदेव शाक्य (लिखित) | २४. | श्री लक्ष्मण बहादुर श्रेष्ठ (लिखित) |

८. छलफलका क्रममा व्यक्त भएका सुझाव तथा मन्तव्यको सारांश:

- ३०औं बार्षिक साधारण सभाको सफलताको शुभकामना ।
- कर बाहेक १५ प्रतिफल प्रदान गर्न सक्षम हुनु कम्पनीको सबल पक्ष हो ।
- शेयरधनीलाई नगद लाभांश र बोनश शेयर समेत गरी १५ प्रतिशत प्रतिफल प्रदान गरेकोमा धन्यवाद ।
- कम्पनीले लगानीबाट राम्रो प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्नुपर्‍यो ।
- आगामी बर्ष यस बर्षभन्दा नघट्ने गरी प्रतिफल पाउने अपेक्षा छ ।
- वित्तीय विवरण राम्रो छ, मन्दिको समयमा दोहोरो अंकको प्रतिफल प्रदान गर्नु भएकोमा धन्यवाद ।
- बार्षिक प्रतिवेदनमा तथ्यांकहरुको ग्राफ चार्टहरु पनि राख्न सुझाव ।
- बोनश शेयरको प्रतिशत बढी भएको भए राम्रो हुन्थ्यो ।
- नगद लाभांश र बोनश शेयर दुवै मिलाएर दिने गर्नु पर्छ ।
- कम्पनीको सम्पत्तिको साइजले कम्पनीको सबल पक्ष देखाउँछ ।
- आगामी बर्ष निर्धारित समय भित्रै बार्षिक साधारण सभा सम्पन्न होस् ।
- व्यवसाय घटेका पोर्टफोलियोहरुमा ध्यान दिनु पर्‍यो ।
- EPS घटेको छ, बढाउने तर्फ ध्यान दिनु पर्‍यो ।
- सम्पत्ति खरीद/विक्रीको विवरण दिनु भए राम्रो हुने थियो ।
- CSR तर्फ कम्पनीले खर्च गरेको राम्रो छ । अत्यन्त आवश्यक क्षेत्र छनौट गरेर खर्च गर्नुहोला ।
- कम्पनीको सोल्भेन्सी रेसियो राम्रो छ ।
- एभिएसन जोखिम हुन्छ, यसमा व्यवसाय नगरेको देखेर खुसी लाग्यो ।
- बढी जोखिम भएको एभिएशन बीमा तर्फ कम्पनी नगएको राम्रो ।
- कम्पनीका शाखाहरु मात्र बढाउने प्रयत्न धेरै नगर्नुहोला ।
- गत बर्षको तुलनामा कम्पनीको आम्दानी र नाफा घटेको देखियो, ध्यान दिनु होला ।
- जेन्जी आन्दोलनको समयको दावी भुक्तानीको अवस्था के छ, जानकारी दिनु भए हुन्थ्यो ।
- शेयरधनीलाई प्रतिफल नगदमा दिने की बोनश शेयर दिने भन्ने प्रस्ताव गर्ने अधिकार संचालक समितिको हो ।
- बार्षिक साधारण सभाका सम्पूर्ण प्रस्तावहरुमा समर्थन रहेको छ ।

शेयरधनीहरुबाट जिज्ञासा, सुझाव र मन्तब्य ब्यक्त भै सकेपछि सभाको अध्यक्षता गर्नु भएका संचालक समितिका अध्यक्ष श्री रमेश कुमार निरौलाज्यूले सो जिज्ञासा र सकारात्मक सुझावहरुको लागि शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै अध्यक्षज्यूले समष्टिगत रुपमा जवाफ दिनुका साथै अध्यक्षज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृत र प्रमुख वित्त अधिकृतले शेयरधनीहरुको जिज्ञासाको उत्तर दिनुभयो ।

NECO
नेको इन्स्योरेन्स लि.

अध्यक्षज्यू, प्रमुख कार्यकारी अधिकृतज्यू र प्रमुख वित्त अधिकृतले सभामा उठेका प्रश्न, जिज्ञासा तथा सुझावहरुको जवाफ दिनु भए पश्चात सभाका विषयहरु निर्णयार्थ प्रस्तुत गरियो ।

९. सभाका निर्णयहरु:

(क) सामान्य प्रस्ताव:

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक प्रतिवेदन पारित गरियोस् भनी राखिएको प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१।०८२ को सम्पूर्ण वित्तिय विवरणहरु उपर छलफल गरि पारित गरियोस् भनी राखिएको प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३. कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०८२।०८३ का लागि लेखापरीक्षण समितिको सिफारिसको आधारमा संचालक समितिबाट नियुक्ति अनुमोदनको लागि राखिएको प्रस्ताव बमोजिम लेखापरीक्षक श्री आर.एस.एम.ए. एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्सलाई लेखापरीक्षक नियुक्त गर्ने र निजलाई लेखापरीक्षण पारिश्रमिक, कर लेखापरीक्षण शुल्क र विश्तृत लेखापरीक्षण प्रतिवेदन शुल्क समेत गरी जम्मा रु.४,४१,०००। (मु.अ.कर बाहेक) प्रदान गर्न सर्वसम्मतिबाट अनुमोदन भयो ।

४. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.ब. २०८१।०८२ को नाफा नोक्सान हिसावबाट चुक्ता पूँजीको १२.७८९४% नगद लाभांश (कर प्रयोजनको लागि समेत) रु.३४,४२,३०,८३५। पारित गर्ने प्रस्ताव पारित गरियोस् भनी राखिएकोमा सर्वसम्मतिबाट पारित भयो ।

(ख) विशेष प्रस्ताव:

१. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.ब. २०८१।०८२ को नाफा नोक्सान हिसावबाट रु.८,०७,४५,९७०। (३% अर्थात् प्रत्येक १०० कित्ता बराबर ३ कित्ता) बोनश शेयर जारी गर्ने र बोनश शेयर जारी गर्दा आउने खण्डित शेयरलाई पछि मिलान गर्ने गरी कम्पनीको हिसावमा राख्ने प्रस्ताव पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव राखिएकोमा सर्वसम्मतिबाट पारित भयो ।

२. निम्न विषयका सम्बन्धमा प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने र उक्त संशोधनहरुमा नियामक निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धि सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धि प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(अ) विशेष प्रस्ताव नं. १ बमोजिम जारी गरिने बोनस शेयरको हदसम्म जारी पूँजी तथा चूक्ता पूँजी बृद्धि गर्ने सम्वन्धमा ।

प्रबन्ध-पत्रको दफा ५ (क) तथा नियमावलीको नियम ६ (क) मा संशोधन गर्ने सम्वन्धी तीन महले विवरण

| साविकको व्यवस्था | शंसोधन व्यवस्था | शंसोधन गर्नुका कारणहरु |
|---|---|---|

नेको इन्सुरेन्स लि.

| | | |
|---|---|---|
| प्रवन्ध पत्र<br>दफा ५. शेयर पूँजी :<br>(क) यस कम्पनीको अधिकृत पूँजी रु. ३,००,००,००,०००।- (अक्षरेपी तीन अर्ब) हुनेछ । जुन रु.१००।- को प्रति शेयरको हिसाब बाट ३००,००,०००।- (तीन करोड) साधारण शेयरहरुमा विभाजित गरिएको छ । कम्पनीको जारी पूँजी रु.२,६९,१५,३२,३२८।- (अक्षरुपी दुई अर्व उनान्सत्तरी करोड पन्ध्र लाख बत्तीस हजार तीन सय अठ्ठाइस) रहेको छ । यसलाई प्रति शेयर रु.१००।- को हिसाबबाट २,६९,१५,३२३ ( दुई करोड उनान्सत्तरी लाख पन्ध्र हजार तीन सय तेइस) साधारण शेयरमा विभाजन गरिएको छ । | प्रवन्ध पत्र<br>दफा ५. शेयर पूँजी :<br>(क) यस कम्पनीको अधिकृत पूँजी रु. ३,००,००,००,०००।- (अक्षरेपी तीन अर्ब) हुनेछ । जुन रु.१००।- को प्रति शेयरको हिसाब बाट ३००,००,०००।- (तीन करोड) साधारण शेयरहरुमा विभाजित गरिएको छ । कम्पनीको जारी पूँजी रु.२,७७,२२,७८,२९८।- (अक्षरुपी दुई अर्व सतहत्तर करोड बाइस लाख अठहत्तर हजार दुई सय अन्ठानब्बे) रहेको छ । यसलाई प्रति शेयर रु.१००।- को हिसाबबाट २,७७,२२,७८३ (दुई करोड सतहत्तर लाख बाइस हजार सात सय त्रियासी) साधारण शेयरमा विभाजन गरिएको छ । | कम्पनीले जारी गर्ने ३% बोनश शेयर पश्चात पूँजी वृद्धि हुने भएकोले । |
| नियमावली<br>नियम ६. शेयर पूँजी :<br>(क) यस कम्पनीको अधिकृत पूँजी रु. ३,००,००,००,०००।- (अक्षरेपी तीन अर्ब) हुनेछ । जुन रु.१००।- को प्रति शेयरको हिसाब बाट ३००,००,०००।- (तीन करोड) साधारण शेयरहरुमा विभाजित गरिएको छ । कम्पनीको जारी पूँजी रु.२,६९,१५,३२,३२८।- (अक्षरुपी दुई अर्व उनान्सत्तरी करोड पन्ध्र लाख बत्तीस हजार तीन सय अठ्ठाइस) रहेको छ । वसलाई प्रति शेयर रु.१००।- को हिसाबबाट २,६९,१५,३२३ ( दुई करोड उनान्सत्तरी लाख पन्ध्र हजार तीन सय तेइस) साधारण शेयरमा विभाजन गरिएको छ । | नियमावली<br>नियम ६. शेयर पूँजी :<br>(क) यस कम्पनीको अधिकृत पूँजी रु. ३,००,००,००,०००।- (अक्षरेपी तीन अर्ब) हुनेछ । जुन रु.१००।- को प्रति शेयरको हिसाब बाट ३००,००,०००।- (तीन करोड) साधारण शेयरहरुमा विभाजित गरिएको छ । कम्पनीको जारी पूँजी रु.२,७७,२२,७८,२९८।- (अक्षरुपी दुई अर्व सतहत्तर करोड बाइस लाख अठहत्तर हजार दुई सय अन्ठानब्बे) रहेको छ । यसलाई प्रति शेयर रु.१००।- को हिसाबबाट २,७७,२२,७८३ (दुई करोड सतहत्तर लाख बाइस हजार सात सय त्रियासी) साधारण शेयरमा विभाजन गरिएको छ । | कम्पनीले जारी गर्ने ३% बोनश शेयर पश्चात पूँजी वृद्धि हुने भएकोले । |

(ग) विविध:

(अ) संचालक लगत सम्बन्धमा ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनीका संचालकहरुको संचालक लगत अध्यावधिक गरी प्रमाणित गरी लिनको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

विष्णुप्रसाद धिताल
कम्पनी सचिव

NECO
नेको इन्स्योरेन्स लि.

रमेश कुमार निरौला
अध्यक्ष

मिति: २०८२।११।११